# चिरान काठ प्रशोधन, सिजनिङ तथा बिक्री वितरण कार्यबिधि, २०७५

द टिम्बर कर्पोरेसन अफ नेपाल लि.

ववरमहल, काठमाण्डौं

# विषयसूची


**परिच्छेद १: परिचय** ........ २

१.संक्षिप्त नाम र प्रारम्भ ........ २

२. परिभाषा ........ २

**परिच्छेद २: गोलिया काठ तथा चिरान काठको अभिलेख** ........ २

३. कर्पोरेशनको कार्य ........ २

४. गोलिया काठ तथा चिरान काठको अभिलेख ........ ३

५. स:मीलमा गोलिया काठ आम्दानीको अभिलेख ........ ३

६. चिरान काठ उत्पादन ........ ४

७. चिरान काठको खर्च (सिपमेन्ट) ........ ४

८. चिरान काठको मौज्दात ........ ४

९. चिरान काठको अभिलेख ........ ४

**परिच्छेद ३: चिरान गरेको, प्रशोधन तथा सिजनिङ गरेको काठको मुल्य निर्धारण** ........ ५

१०. चिरान काठको बिक्री मूल्य कायम गर्नु पर्ने ........ ५

११. चिरान काठ प्रशोधन तथा सिजनिङको बिक्री मूल्य कायम गर्नु पर्ने ........ ५

१२. चिरान काठ प्रशोधन र सिजनिङको मूल्य ........ ५

**परिच्छेद ४: चिरान काठको बिक्री प्रकृया** ........ ५

१३. निजी घर निर्माणका लागि बिक्री गरिने चिरान काठ ........ ६

१४. सरकारी भवन, पुरातात्विक, धार्मिक, सामाजिक, साँष्कृतिक तथा शैक्षिक संघ संस्था निर्माणका लागि चिरान काठ ६

१५.प्राकृतिक प्रकोपको कारण क्षति ग्रस्त संरचना पुन निर्माणको लागि काठ उपलब्ध गराउने ........ ७

**परिच्छेद ५: चिरान काठको प्रशोधन तथा सिजनिङ** ........ ७

१६. कर्पोरेशनको काठ प्रशोधन तथा सिजनिङ ........ ७

१७. कर्पोरेसन बाहेक संस्था वा व्यक्तिको काठ प्रशोधन तथा सिजनिङ ........ ७

१८. साना उद्योगलाई प्रशोधन वा सिजनिङ वा प्रशोधन र सिजनिङ दुबै गरेको चिरान काठ बिक्री ........ ८

**परिच्छेद ६: चिरान काठ बिक्री भएको अभिलेख, अनुगमन तथा मूल्याङ्कन** ........ ९

१९. चिरान काठ बिक्री तथा चिरान काठको प्रशोधन र सिजनिङ काठको अभिलेख राख्ने ........ ९

२०. कार्यबिधि कार्यन्वयनको अनुगमन ........ ९

## परिच्छेद १: परिचय

द टिम्बर कर्पोरेशन अफ नेपाल लि.को उद्देश्य अनुसार गोलिया काठ चिरान गरी उपभोक्ताहरुको मागलाई सम्बोधन गर्न, काठका रसायनिक प्रशोधन तथा सिजनिङ गरी बढी टिकाउ बनाउन तथा यस प्रकारको प्रशोधित तथा सिजनिङ गरेका काठको उत्पादन, विक्री वितरणमा गुणात्मक एवम् परिमाणात्मक उपलब्धि हासिल गर्नको लागि सघाउ पुर्याउन कर्पोरेशनको नियमावलीको नियम ४४ मा भएको व्यवस्था बमोजिम यो कार्यबिधि तयार गरिएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ**

(१) यो निर्देशीकाको नाम "चिरान काठ, प्रशोधन र सिजनिङ तथा बिक्री कार्यबिधि, २०७५" रहेको छ ।

(२) यो निर्देशीका सञ्चालक समितिबाट निर्णय भई स्वीकृत गरेको मिति देखी लागु हुनेछ ।

**२. परिभाषा**

बिषय प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा:

(क) "कर्पोरेशन" भन्नाले द टिम्बर कर्पोरेशन अफ नेपाल लि. सम्झनु पर्छ ।

(ख) "प्रबन्ध पत्र" भन्नाले द टिम्बर कर्पोरेशन अफ नेपाल लि.को प्रबन्ध पत्र सम्झनु पर्छ ।

(ग) "नियमावली" भन्नाले द टिम्बर कर्पोरेशन अफ नेपाल लि.को नियमावली सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले कर्पोरेशनको सञ्चालक समिति सम्झनु पर्छ ।

## परिच्छेद २: गोलिया काठ तथा चिरान काठको अभिलेख

**३. कर्पोरेशनको कार्य**

१) यस कार्यबिधि निम्न बमोजिमको कार्यहरु रहेका छन् ।

क) कर्पोरेशनको चिरान काठको बिक्री वितरण गर्ने प्रकृया तय गर्ने

ख) गोलिया काठबाट उत्पादित चिरानलाई रसायनिक प्रशोधन र सिजनिङको लागि प्रकृया तय गर्ने ।

ग) निजी तथा काष्ठ व्यावसायीहरुको काठलाई रसाययिक र सिजनिङको लागि प्रकृया निर्धारण गर्ने ।

**४. गोलिया काठ तथा चिरान काठको अभिलेख**

१) जंगलमा (प्लट) रहेका रुखहरुको छपान, मूल्यांकन, कटान मुछान, ढुलान तथा विक्री वितरण सम्बन्धि कार्यहरु टि.सि.एन.को लागि आफ्नै कार्यविधि वा निर्देशिका स्वीकृत भएको अवस्थामा सोही बमोजिम र सो नभएको अवस्थामा "वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका, २०७३" को अधिनमा रहि कार्य गर्नु पर्दछ ।

२) रुख कटान गरी गीन्डा गरेको गोलिया काठ तथा दाउरा यातायातको पहुँच भएको र आगलागि, बाढी, चोरी लगायतका जोखीमहरुबाट सुरक्षित स्थानको छनोट गरी सम्बन्धित डिभिजन वन कार्यालयको सहमतिमा चारकिल्लाहरु स्पष्ट निर्धारण गरी घाटगद्दी गर्नु पर्दछ ।

३) छपान, मूल्याङ्कन भएका रुखहरु बजारको माग बमोजिम कटान मुछान तथा नाप पैमाइस गरी पासिङ टाँचा लगाई चलानी पुर्जिको आधारमा घाटगद्दीसम्म ढुवानी गर्नु पर्दछ ।

४) यस निर्देशिका बमोजिम काठ दाउराको घाटगद्दी सम्बन्धी कार्य गर्दा वन कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्दछ ।

५) घाटगद्दि गरेको स्थलमा रहेका काठ, दाउराको लगत अभिलेख राख्न, सुरक्षाको व्यवस्था मिलाउन कर्पोरेसनको शाखा कार्यालयबाट कर्मचारीको व्यवस्था मिलाउनु पर्दछ । घाटगद्दी स्थलको सरसफाई, पालो पहराको उचित प्रबन्ध मिलाउनु पर्दछ ।

६) चलानी पुर्जि सहित काठ दाउरा घाटगद्दी रजिष्टरमा आम्दानी बाँधेर राख्नु पर्छ । आम्दानी भैसकेपछि गोलिया काठको जात र ग्रेड अनुसार धाङ्ग निर्माण गरी राख्नु पदर्छ । प्रत्येक धाङ्गमा क्रम संख्या नम्बर, जम्मा गोलीया थान, परिमाण, प्लटको नाम र आर्थिक बर्ष प्रष्ट बुझिने गरी इनामेलले लेख्नु पर्दछ । दाउराको पनि जात अनुसार चट्टा बनाई नदोहोरीने गरी नम्बर, प्लटको नाम र आर्थिक बष प्रष्ट हुने गरी इनामेलले लेख्नु पर्दछ ।

७) छपान मूल्याङ्कन तेरिज, प्लटकटान रजिष्टर, चलानी पुर्जी, घाटगद्दि रजिष्टर "वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका, २०७३ को अनुसूचीहरुमा तोकिएको ढाँचा बमोजिम तयार गरी सम्बन्धित टि.सि.एन शाखा कार्यालय र डिभिजन वन कार्यालयबाट दोहोरो प्रमाणित गरी अभिलेख राख्नु पर्दछ ।

**५. स:मीलमा गोलिया काठ आम्दानीको अभिलेख**

१) घाटगद्दी स्थानबाट गोलिया काठ ढुवानी गरी स: मीलसम्म लैंजादा नियमानुसार सम्बन्धित डिभिजन वन कार्यालयमा राजश्व बुझाई अनुमति लिई घाटगद्दी रजिष्टरमा खर्च जनाई लैजानु पर्दछ ।

२) उपदफा १ बमोजिमको काठ ढुवानीको लागि स:मीलमा अनुसुची-१ अनुसारको छुटै रजिष्टर तयार गरी आम्दानी जनाउनु पर्दछ ।

३) उपदफा २ बमोजिमको रजिष्टरमा गोलिया प्राप्त भएको घाटगद्दी स्थान, आम्दानी, मिति, लट नं., गोलिया नं., जात, नाप साइज, ग्रस आयतन, धोदको आयतन तथा धोद कटा गरी नेट आयतन र ग्रेड समेत उल्लेख गर्नु पर्नेछ

४) विभिन्न स्थान तथा घाटगद्दीबाट ल्याइएको गोलिया काठ चिरान गर्दा गोलिया आम्दानी रजिष्टरमा उल्लेख भए जस्तै चिरान गरिएको गोलिया काठका अनुसुची-२ अनुसार दैनिक रुपमा अभिलेख राख्नु पर्नेछ ।

५) स:मीलमा रहेको गोलिया कति परिमाण चिरान गरियो र कति चिरान गर्न बाँकी छ दैनिक रुपमा स्टक रजिष्टरमा राख्नु पर्नेछ । स्टक रजिष्टरको नमुना अनुसुची-३ मा दिइएको छ ।

**६. चिरान काठ उत्पादन**

१) गोलिया काठ स:मीलमा चिरान गर्दा कुन गोलियाबाट कुन साइजको कति चिरान काठ उत्पादन भएको हो सोको अभिलेख दैनिक रुपमा आम्दानी रजिष्टरमा राख्नु पर्नेछ । यसको नमुना अनुसुची-४ मा उल्लेख गरीएको छ ।

२) उपदफा २ बमोजिमको रजिष्टरमा जात अनुसारको गोलिया नं., यसको साइज र परिमाणका साथै यसबाट उत्पादन भएको स्ट्रीप सहितको चिरान काठको थान एवं आयतन समेत उल्लेख गर्नु पर्नेछ ।

३) स:मीलमा आम्दानी हुने गोलिया काठको ग्रेड अनुसार आम्दानी तथा खर्च राख्ने एवं चिरान गराउनु पर्नेछ र ग्रेड अनुसार चिरान काठ उत्पादनको अभिलेख दैनिक ढपोटमा तयार गरी राख्नु पर्नेछ ।

**७. चिरान काठको खर्च (सिपमेन्ट)**

१)स:मीलमा चिरान गरेको काठको खर्चका विवरण अनुसुची-५ अनुसारको अभिलेखमा राख्नु पर्नेछ ।

२) उपदफा (१) बमोजिमको अनुसुचीमा मिति तथा जात अनुसार खर्च भएको चिरान काठ र स्ट्रीपको विवरण साइज, थान एवं परिमाण समेत उल्लेख गर्नु पर्नेछ ।

**८. चिरान काठको मौज्दात**

स:मीलमा चिरान गरी आम्दानी भएको चिरान काठ कुन प्रयोजनको लागि खर्च गरी कति मौज्दात रहेको हो सो सम्बन्धि विवरण अनुसूची-६ अनुसार चिरान काठ स्टक रजिष्टरमा राख्नु पर्नेछ । यस रजिष्टरमा स्ट्रीप समेतको चिरान काठको साथै अभिलेख समावेश गर्नु पर्नेछ ।

**९. चिरान काठको अभिलेख**

१) यस निर्देशिका बमोजिम कर्पोरेशनमा विभिन्न घाटगद्दीहरुबाट प्राप्त लट अनुसारका गोलिया काठको जात र ग्रेड अनुसार चिरान उत्पादन गर्नुपर्नेछ र सोको अभिलेख दैनिक रुपमा अनूसूचि ४ बमोजिम राख्नुपर्नेछ ।

२) उपदफा १ बमोजिम चिरान प्रतिशत निर्धारणको कार्य गर्दा चिरान प्रतिशत निर्धारण समितिका सदस्यहरुको रोहवरमा स:मीलमा चिरान गर्नु पर्नेछ ।

३) उपदफा १ बमोजिमको चिरान प्रतिशत निर्धारण गर्ने कार्यका लागि जिल्ला स्तरमा तपसिल अनुसारको ३ सदस्यीय "चिरान प्रतिशत निर्धारण समिति" को गठन गरिनेछ ।

(क) टि.सि.एन. शाखा प्रमुख : संयोजक

(ख) डिभिजन वन कार्यालयको अधिकृत प्रतिनिधि: सदस्य १ जना

(ग) जिल्ला कोष तथा लेखा नियान्त्रक कार्यालयको प्रतिनिधि : सदस्य १ जना

४) चिरान प्रतिशत निर्धारणको लागि गोलिया काठ चिरान गर्दा विभिन्न जात, साईज र ग्रेड समेतको प्रतिनिधित्व हुने गरी कम्तीमा १० प्रतिशत गोलिया नमूना चबलमफथि छनौट गरी चिरान गर्नु पर्नेछ । चिरान प्रतिशत निर्धारण गर्दा यसबाट निस्केको चिरान काठ, स्ट्रिप, बाक़ल र अफ साइज कति प्रतिशत छ स्पष्ट रुपमा उल्लेख गरी यस समितिबाट निर्णय गराउनु पर्नेछ ।

## परिच्छेद ३: चिरान गरेको, प्रशोधन तथा सिजनिङ गरेको काठको मुल्य निर्धारण

### १०. चिरान काठको बिक्री मूल्य कायम गर्नु पर्ने

१)कर्पोरेशनबाट उत्पादन भएको चिरान काठको बिक्री मूल्य नेपाल सरकारको निर्णय, उत्पादन लागत, काठको माग र आपुर्ती समेतलाई बिचार गरी समितिको निर्णय अनुसार निर्धारण हुनेछ ।

### ११. चिरान काठ प्रशोधन तथा सिजनिङको बिक्री मूल्य कायम गर्नु पर्ने

१) कर्पोरेशनबाट रसायनिक प्रशोधन वा सिजनिङ वा प्रशोधन र सिजनिङ दुबै गरेको चिरान काठ बिक्री मुल्य नेपाल सरकारको निर्णय, उत्पादन लागत, माग र आपुर्ती समेत बिश्लेषण गरी सञ्चालक समितिको निर्णय अनुसार निर्धारण हुनेछ ।

### १२. चिरान काठ प्रशोधन र सिजनिङको मूल्य

१) सञ्चालक समितिको निर्णय अनुसार मूल्य निर्धारण गरेको मूल्य लिई दफा १७ बमोजिम कर्पोरेशन बाहेकको चिरान काठ पनि कर्पोरेशनले रसायनिक प्रशोधन वा सिजनिङ वा प्रशोधन र सिजनिङ दुबै गर्न गर्न सक्नेछ ।

२) चिरान काठ रसायनिक प्रशोधन वा सिजनिङ वा प्रशोधन र सिजनिङ दुबैको लागत बिश्लेषण गरी सञ्चालक समितिको निर्णय अनुसार मूल्य निर्धारण हुनेछ ।

३) कुनैं व्यक्ति वा संस्थाले चिरान काठ प्रशोधन वा सिजनिङ वा दुवै गराउन चाहेमा निर्धारित रसायनिक प्रशोधन मूल्य वा सिजनिङ मूल्य वा प्रशोधन र सिजनिङ दुवै तिरी क्रमशः प्रशोधन वा सिजनिङ वा प्रशोधन र सिजनिङ दुवै गराउन सक्नेछ ।

## परिच्छेद ४: चिरान काठको बिक्री प्रकृया

चिरान काठ बिक्री प्रकृया काठको प्रजाती तथा उपयोगको प्रयोजन अनुसार फरक हुनेछ । निजि घर निर्माण, सरकारी भवन निर्माण, भुकम्प प्रभावित संरचना पुन निर्माण र पुरातात्विक, धार्मिक, सामाजिक, साँष्कृतिक, शैक्षिक संघ संस्था निर्माण कार्यका लागि चिरान काठ बिक्री गर्दा अपनाउनु पर्ने प्रकृया निम्न अनुसार हुनेछ ।

## १३. निजी घर निर्माणका लागि बिक्री गरिने चिरान काठ

१) निजि घर निर्माणका लागि कर्पोरेसनले चिरान काठ विकी गर्दा बिक्री डिपोबाट बिक्री गरिनेछ । चिरान काठ खरीद गर्नका लागि घर वनाउने व्यक्तिले केन्द्रिय कार्यालय वा शाखा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

२) उपदफा १ बमोजिम निवेदन दिंदा लालपूर्जाको प्रतिलिपि वा नागरिकताको प्रतिलिपि र सम्बन्धित निकायबाट घर निर्माणको लागि स्विकृत नक्सा वा घर निर्माणको लागि दिएको इजाजत पत्र समेत संलग्न राखी पेश गर्नुपर्नेछ ।

३) उपदफा १ बमोजिम केन्द्रिय कार्यालय वा शाखा कार्यालयमा पेश भएका निवेदनहरु सम्बन्धित बिक्री डिपोमा पठाउनु पर्नेछ ।

४) कर्पोरेशनको बिक्री डिपोमा प्राप्त निवेदनको पहिले दर्ता भएको निवेदनलाई पहिलो प्राथमिकता (First come fisrt service) को आधारमा निवेदकलाई काठ उपलब्ध भएसम्म पटक पटक वा एक पटकमा वढीमा १०० क्यू.फि. चिरान काठ उपलब्ध गराउन सकिनेछ ।

५) निजी क्षेत्र जस्तै उड कार्वीङ, क्यूरीयो तथा फर्निचर उद्योगका लागि आवश्यक पर्ने चिरान काठ माग भएमा उपलब्धताको आधारमा कर्पोरेशन केन्द्रिय कार्यालय वा शाखा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

६) दफा (५) बमोजिम उपलब्ध गराउने काठहरुमा साल, सिसौ, टिकको हकमा बढिमा २०० क्यूफिट र कर्पोरेशनले चिरान मूल्य निर्धारण गरेका अन्य प्रजातिका काठको हकमा ५०० क्यूफिट सम्म चिरान काठ कर्पोरेशन केन्द्रिय कार्यालयको स्वीकृति लिई बिक्री गर्न सकिनेछ ।

७) बिक्री डिपोबाट काठ बिक्री गर्नु भन्दा पहिले सो बापतको रकम तोकिएको बैंक खातामा दाखिला गर्न लगाउनु पर्नेछ । सेवाग्रहीले रकम बुझाएको वैंक भौचर बिक्री डिपोमा पेश गरे पछि निवेदकलाई चिरान काठ लैजानका लागि अनुसुची-७ अनुसारको बिक्री विल र अनुसुची-८ अनुसारको मेजरमेन्ट सिट दिइनेछ ।

८) घर मर्मतका लागि निबेदनको साथमाजग्गाधनी प्रमाणपुर्जा र नागरिकताको प्रतिलिपि पेश गरे पछि प्रति परिवार बढिमा १० क्यु.फी.सम्म चिरान काठ उपलब्ध गराउन सकिने छ ।

९) उपदफा ४, ६ र ८ बमोजिम उपलब्ध गराउन सकिने चिरान काठको परिमाणमा आवश्यकता अनुसार सञ्चालक समितिले निर्णय गरी हेरफेर गर्न सक्नेछ ।

## १४. सरकारी भवन, पुरातात्विक, धार्मिक, सामाजिक, साँष्कृतिक तथा शैक्षिक संघ संस्था निर्माणका लागि चिरान काठ

१) सरकारी भवन, पुरातात्विक, धार्मिक, सामाजिक, साँष्कृतिक तथा शैक्षिक संघ संस्था निर्माणको लागि कर्पोरेशनमा काठ माग गर्नु परेमा भवनको स्वीकृत नक्सा, अनुमानित आवश्यक काठ (परिमाण एवं साइज समेत खुल्ने गरी) र सम्बन्धित निकायको माग निबेदन संलग्न गरी पेश गर्नु पर्नेछ ।

२) उपदफा १ मा उल्लेख गरिएका संघ संस्थाहरुले भवन निर्माण कार्य ठेकेदार मार्फत गराएको छ भने माथि उल्लेखित सम्पूर्ण कागजातका साथै सम्बन्धित संस्थाको सिफारिस, चिरान काठ उपलब्ध गराउन प्राप्त गरेको ठेक्का

वन्दोबस्तीको सम्झौता कागजातको प्रतिलिपी, ठेकेदार कम्पनी दर्ताको प्रमाण पत्रको प्रतिलिपी, ठेकेदारको भ्याट वा प्यान दर्ताको प्रमाणपत्र तथा कर चुक्ताको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ ।

३) उपदफा १ बमोजिम पेश हुन आएको निवेदनको आधारमा केन्द्रिय कार्यालयको स्विकृती लिई शाखा कार्यालयले बिक्री डिपोबाट काठ उपलब्धताको आधारमा ५०० क्यू.फि. सम्म चिरान काठ उपलब्ध गराउन सक्नेछ । सेवाग्रहीले रकम बुझाएको वैंक भौचर बिक्री डिपोमा पेंश गरे पछि यसरी चिरान काठ लैजानको लागि ग्राहकलाई अनुसुची-७ अनुसारको बिक्री विल र अनुसुची-८ अनुसारको मेजरमेन्ट विल दिनुपर्नेछ ।

**१५.प्राकृतिक प्रकोपको कारण क्षति ग्रस्त संरचना पुन निर्माणको लागि काठ उपलब्ध गराउने**

१) २०७२ साल बैशाख १२ गतेको भूकम्पबाट क्षतिग्रस्त निजी घर पुनर्निमाणको लागि काठ आपूर्ति गर्न नेपाल सरकार (मन्त्रीपरिषद) बाट स्वीकृत "भूकम्प पिडितहरुका लागि काठ उत्पादन, आपूर्ति र ब्यबस्थापन निर्देशिका, २०७२" लाई आधार मानि सोही बमोजिम चिरान काठ आपूर्ती गरिने छ ।

२) २०७२ साल बैशाख १२गतेको भूकम्पबाट क्षतिग्रस्त सम्पदा पुनर्निमाणको लागि नेपाल सरकारको निर्णय अनुशार काठ आपूर्ति गर्न कर्पोरेशनको "भूकम्प प्रभाबित सम्पदा पूनर्निर्माणको लागि काठ आपूर्ति मापदण्ड, २०७५" अनुसार कार्यन्वयन गरिने छ ।

३) अन्य प्राकृतिक प्रकोपको कारण क्षति ग्रस्त संरचना पुन निर्माण गर्न नेपाल सरकारको निर्देशानुशार काठ आपूर्ति गर्नु पर्दा आबश्यकता अनुशार कर्पोरेशनले मापदण्ड तयार गरी कार्यन्वयनमा ल्याउने छ ।

## परिच्छेद ५: चिरान काठको प्रशोधन तथा सिजनिङ

**१६. कर्पोरेशनको काठ प्रशोधन तथा सिजनिङ**

१) प्रशोधन तथा सिजनिङ प्रयोजनका लागि आम्दानी बांधिएको काठ कर्पोरेशनको प्लान्टमा आबश्यकता अनुशार प्रशोधन वा सिजनिङ वा प्रशोधन र सिजनिङ दुबै गरिनेछ ।

२) प्राप्त गोलिया वा चिरान काठको अभिलेख प्रशोधन वा सिजनिङ वा प्रशोधन र सिजनिङ गर्नु अगावै नमुना अनुसारको ढांचामा राख्नु पर्नेछ । प्रशोधन वा सिजनिङ वा प्रशोधन र सिजनिङ दुबै गरेको काठको अभिलेख अनुसुची ९, १० र ११ अनुसारको ढाँचामा राख्नु पर्नेछ ।

**१७. कर्पोरेसन बाहेक संस्था वा ब्यक्तिको काठ प्रशोधन-तथा सिजनिङ**

१) कुनैं व्यक्ति वा संस्थाले कर्पोरेसनको प्रशोधन तथा सिजनिङ प्लान्टमा काठ प्रशोधन वा सिजनिङ वा प्रशोधन र सिजनिङ दुबै गराउन निबेदन दिन सक्नेछ ।

२) चिरान काठ प्रशोधन वा सिजनिङ वा प्रशोधन र सिजनिङ दुबै गराउन चाहने सेवाग्रही व्यक्ति वा संस्थाले चितवन उपशाखा कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ । यस निवेदनको साथमा चिरान काठको श्रोत र परिमाण खुल्ने कागजात संलग्न राखी पेश गर्नु पर्नेछ ।

३) उपदफा १ बमोजिम कुनैं व्यक्ति वा संस्थाले चिरान काठ प्रशोधन वा सिजनिङ वा प्रशोधन र सिजनिङ दुबै गराउन चाहेमा सञ्चालक समितिले निर्धारण गरेको मूल्य तोकिएको वैंक खातामा दाखिला गराउनु पर्नेछ ।

४) सेवाग्रहीले रकम दाखिला गरेको वैंक भौचर शाखा कार्यालयमा बुझाइ सकेपछि चिरान काठ प्रशोधन वा सिजनिङ वा प्रशोधन र सिजनिङ दुबै गर्न पाउनेछ ।

५) चिरान काठ प्रशोधन वा सिजनिङ वा प्रशोधन र सिजनिङ दुबैका लागि निबेदन दिंदा प्रशोधनको लागि कम्तीमा १५० क्यू.फि., सिजनिङको लागि कम्तीमा ५०० क्यू.फी. र प्रशोधन र सिजनिङ दुबैका लागि कम्तीमा ५०० क्यू.फी चिरान काठ हुनुपर्नेछ ।

६) प्रशोधन तथा सिजनिङको लागि प्राप्त भएको काठ कर्पोरेसनको काठ भन्दा छुट्टिने गरी फरक स्थानमा राख्नु पर्नेछ र यसरी प्राप्त भएको काठको छुट्टै अभिलेख राख्नुपर्नेछ ।

७) अन्य व्यक्ति, संघ, संस्थाबाट प्रशोधन वा सिजनिङ वा दुबैको लागि चिरान काठ प्राप्त हुंदा र सिपमेन्ट गर्दा, प्लान्ट प्रमुख र बिक्री प्रशासन प्रमुखको रोहवरमा गर्नु पर्नेछ ।

**१८. साना उद्योगलाई प्रशोधन वा सिजनिङ वा प्रशोधन र सिजनिङ दुबै गरेको चिरान काठ बिक्री**

१) निजी क्षेत्र जस्तै उड कार्वीङ, क्यूरीयो तथा फर्निचर उद्योगका लागि आवश्यक पर्ने प्रशोधन वा सिजनिङ वा प्रशोधन र सिजनिङ दुबै गरेको चिरान काठ माग भएमा कर्पोरेशन केन्द्रिय कार्यालय वा शाखा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

२) उपदफा १ बमोजिम पेश भएको निवेदन साथ उद्योग दर्ताको प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र, मू. अ. कर दर्ता प्रमाण पत्र र स्थानिय तह वा उद्योग दर्ता गर्ने निकायको सिफारिस पेश गर्नु पर्नेछ ।

३) यस दफा बमोजिम उपलब्ध गराउने काठहरुमा साल, सिसौ, टिकको हकमा बढिमा २०० क्यूफिट र कर्पोरेशनले चिरान मूल्य निर्धारण गरेका अन्य प्रजातिका काठको हकमा ५०० क्यूफिट सम्म चिरान काठ कर्पोरेशन केन्द्रिय कार्यालयको स्वीकृति लिई बिक्री गर्न सकिनेछ ।

४) उपदफा ३ बमोजिम काठ बिक्री गर्न सम्बन्धीत निवेदकलाई तोकिएको बैंकको खातामा रकम दाखिला गर्न लगाई सोको वैंक भौचर पेश गरेपछि उक्त चिरान काठ बिक्री गर्दा अनुसुची ७ अनुसारको बिक्री विल र अनुसुची ८ अनुसारको मेजरमेन्ट सिट दिइनेछ ।

## परिच्छेद ६: चिरान काठ बिक्री भएको अभिलेख, अनुगमन तथा मूल्याङ्कन

### १९. चिरान काठ बिक्री तथा चिरान काठको प्रशोधन र सिजनिङ काठको अभिलेख राख्ने

चिरान काठ बिक्री तथा चिरान काठको प्रशोधन वा सिजनिङ वा प्रशोधन र सिजनिङको विवरण यस कार्यबिधिमा तोकिएका अनुसूचि बमोजिम नियमित रुपमा अभिलेख राख्नुपर्नेछ ।

### २०. कार्यबिधि कार्यन्वयनको अनुगमन

१) यस कार्यबिधि कार्यन्वयन सम्बन्धमा अनुगमन "द टिम्बर कर्पोरेशन अफ नेपालबाट हुने समग्र कामको अनुगमन तथा निरीक्षण निर्देशिका, २०७४" अनुशार गरिने छ ।

२) शाखा कार्यालयहरु र बिक्री डिपोहरुबाट बिक्री भएको चिरान काठ बिक्रीको विवरण तथा चिरान काठको प्रशोधन र सिजनिङको बिवरण लगायतको मासिक प्रतिबेदन कर्पोरेशनको केन्द्रिय कार्यालयमा प्रत्येक महिनाको ७ गते भित्र पेश गर्नेछन तथा आबश्यकता अनुशार चौमासिक र बार्षिक प्रतिबेदन तयार गरी पेश गर्नु पर्नेछ ।

३) चिरान काठ बिक्री, चिरान काठको प्रशोधन र सिजनिङ सम्बन्धी कारोबारको विवरण कर्पोरेशनले वन तथा वातावरण मन्त्रालय, वन तथा भू-संरक्षण विभाग तथा कर्पोरेशन संचालक समितिलाई चौमासिक रुपमा पेश गर्नेछ ।

४) कर्पोरेशनले तोकेको अनुगमन अधिकृतले सम्बन्धित निकाय संग समन्वय गरी निर्देशिका कार्यन्वयन सम्बन्धमा निरन्तर रुपमा अनुगमन गर्ने गराउने व्यवस्था मिलाई अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नेछ ।

५) कर्पोरेशन केन्द्रिय कार्यलयबाट आबश्यकता अनुशार अनुगमन हुनेछ ।

६) कर्पोरेशनको संचालक समिति तथा समितिबाट गठित अनुगमन समितिले चौमासिक रुपमा निर्देशिका कार्यन्वयनको अनुगमन गर्नेछ ।

**अनुसुची १: स:मीलमा गोलिया काठको आम्दानी अभिलेख रजिष्टर**

शाखा कार्यालयको नाम:
स:मील रहेको स्थान

| मिति | रमाना पुर्जिको च. नं. र मिति | लट नं. | गोलिया नं. | जात | नाप साइज (गो. इ.×ल.फि.) | ग्रस आयतन क्यू.फि. | धोद साइज (इ× इ फि.) | धोद आयतन (क्यू. फि.) | नेट आयतन (क्यू. फि.) | ग्रेड | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | |

नोट: थप विवरण आवश्यक भएमा कैफियत महलमा जनाउन सकिने छ।

**तयार गर्ने:** **चेक गर्ने :** **प्रमाणित गर्ने:**

**अनुसुची २: स:मीलमा चिरान गोलिया खर्च अभिलेख रजिष्टर**

शाखा कार्यालयको नाम:
स:मील रहेको स्थान

| मिति | लट नं. | गोलिया नं. | जात | नाप साइज (गो. इ.×ल.फि.) | ग्रस आयतन क्यू.फि. | धोद साइज (इ× इ फि.) | धोद आयतन ( क्यू. फि.) | नेट आयतन ( क्यू. फि.) | ग्रेड | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |

**तयार गर्ने:** **चेक गर्ने :** **प्रमाणित गर्ने:**

अनुसुची ३: स:मीलमा गोलिया काठको मौज्दात रजिष्टर

शाखा कार्यालयको नाम:

स:मील रहेको स्थान

| मिति | जात | कूल गोलिया मौज्दात | | खर्च | | वाँकी | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | थान | क्यू.फि. | थान | क्यू.फि. | थन | क्यू.फि. | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| जम्मा | | | | | | | | |

तयार गर्ने: चेक गर्ने : प्रमाणित गर्ने:

## अनुसुची ४ : चिरान उत्पादन रजिष्टर

शाखा कार्यालयको नाम:

स:मील रहेको स्थान

लट नं.:

मिति:

| गोलिया खर्च | | | | | | चिरान काठ | | | स्ट्रीप | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जात | गोलिया नं. | साइज (इ.×फि.) | क्यू.फि. | रद्दी काँइ ( इ.×इ.× | खुद क्यू.फि. | साइज ( इ.×इ.×फि.) | थान | क्यू. | साइज ( इ.×इ.×फि.) | थान | क्यू.फि. | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |

**तयार गर्ने:** **चेक गर्ने :** **प्रमाणित गर्ने:**

## अनुसुची ५: चिरान काठको खर्च (सिपमेन्ट)

चिरान काठ खर्चको प्रयोजन:

| **मिति** | **जात** | **खर्च** | | | | | | | | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चिरान काठ (फन्टा, कडी) | | | स्ट्रीप | | | कूल क्यू.फि | अफसाइज (क्वीण्टल) | |
| | | साइज (इ.×इ.×फि.) | थान | परिमाण क्यू.फि. | साइज (इ.×इ.× फि.) | थान | परिमाण क्यू.फि. | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**तयार गर्ने:** **चेक गर्ने :** **प्रमाणित गर्ने:**

**अनुसुची ६ : चिरान काठ स्टक रजिष्टर**

शाखा कार्यालयको नाम:
स:मील रहेको स्थान

| मिति | जात | आम्दानी | | | | | | खर्च | | | | | | बाँकी | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चिरान काठ | | | स्ट्रीप | | | चिरान काठ | | | स्ट्रीप | | | चिरान काठ | | | स्ट्रीप | | | |
| | | नापसाइज | थान | परिमाण क्यु.फि. | नापसाइज | थान | परिमाण क्यु.फि. | नापसाइज | थान | परिमाण क्यु.फि. | नापसाइज | थान | परिमाण क्यु.फि. | नापसाइज | थान | परिमाण क्यु.फि. | साइ | थान | परिमाण क्यु.फि. | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |

**तयार गर्ने:** **चेक गर्ने :** **प्रमाणित गर्ने:**

**अनुसुची ७: चिरान बिक्री विलको नमुना**

मिति
विजक नं. क्रेताको नाम: ठेगाना
क्रेताको करदाता नं :
काठ लानु पर्ने स्थान:

| सि.नं. | विवरण | इकाई | परिमाण | दर | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

मू.अ. कर (१३ प्रतिशत):
कूल जम्मा
रकम बुझाउनेको सही: रकम बुझिलिनेको सही:

अनुसुची ८: चिरान काठ बिक्री मेजरमेन्ट सिट

ग्राहकको नाम: ठेगाना

मिति:

| सि. नं. | जात | मोटाई इ. | चौडाई इ. | लम्बाई फिट | थान | क्यू.फि. | दर प्रति क्यू.फि. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | जम्मा | | | | |

तयार गर्नेको सही: रुजु गरी प्रमाणित गर्नेको सही:

नाम: नाम:

दर्जा: दर्जा:

**अनुसुची ९: प्रशोधन तथा सिजनिङको लागि चिरान काठ आम्दानी रजिष्टर**

| मिति | काठको विवरण (कुन स:मीलबाट) | जात | आम्दानी | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | चिरान काठ (फन्टा र कडी) | | स्ट्रीप | | |
| | | | थान | परिमाण क्यू.फि. | थान | परिमाण क्यू.फि. | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

तयार गर्ने चेक गर्ने प्रमाणित गर्ने

## अनुसुची १० : चिरान काठ प्रशोधन, सिजनिङ वा प्रशोधन तथा सिजनिङको रजिष्टर

**चिरान काठ प्रशोधन/ सिजनिङ / प्रशोधन तथा सिजनिङ दुबै** (प्रयोजनमा टिक लगाउने)

| घान नं. | मिति | जात | चिरान काठ | | स्ट्रीप | | केमिकल खपत के.जी. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | थान | परिमाण क्यू.फि. | थान | परिमाण क्यू.फि. | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

तयार गर्ने      चेक गर्ने      प्रमाणित गर्ने

## अनुसुची ११: चिरान काठ प्रशोधनको स्टक (बिक्री एवं सिजनिङ समेत)

| घान नं. | मिति | जात | आम्दानी | | | | खर्च ( बिक्री /सिजनिङ) | | | | बाँकी | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चिरान काठ | | स्ट्रीप | | चिरान काठ | | स्ट्रीप | | चिरान काठ | | स्ट्रीप | | |
| | | | थान | परिमाण क्यू.फि. | थान | परिमाण क्यू.फि. | थान | परिमाण क्यू.फि. | थान | परिमाण क्यू.फि. | थान | परिमाण क्यू.फि. | थान | परिमाण क्यू.फि. | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

नोटः यो विवरण रजिष्टरमा तयार गरी क्रमश मिति अनुसारको आम्दानी र खर्च विवरण तयार गरी जनाउदै जानु पर्दछ ।

तयार गर्नेः      प्रमाणित गर्ने :

**अनुसुची १२: प्रशोधन /सिजनिङ वा दुवै गरेको चिरान काठको विवरण**

रसायनिक प्रशोधन /सिजनिङ / रसायनिक प्रशोधन तथा सिजनिङ दुवै (सम्बन्धित प्रयोजनको शिर्षकमा टिक लगाउने)

| मिति | जात | काठको स्वामित्व -निजि/संस्था/ टि.सि.एन.को | चिरान काठको नाप साइज | चिरान काठ थान | चिरान काठ क्यू.फि. | बिक्री रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

तयार गर्ने:                                                  प्रमाणित गर्ने :

**अनुसुची १३ : चिरान काठको मौज्दात अभिलेख**

| मिति | जात | चिरान काठको स्टको विवरण | | | बिक्री गरेको | | | | मौज्दात | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नाप साइज | थान | आयतन क्यू.फि. | नाप साइज | थान | आयतन क्यू.फि. | बिक्री रकम रु. | थान | आयतन क्यू.फि. |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

तयार गर्ने:                                                  प्रमाणित गर्ने :